## ८. ऐन, नियम र निर्देशिकाहरुको विवरण:

नेपालको संविधानको अतिरिक्त हाल सम्म जिल्ला सभा तथा जिल्ला समन्वय समितिलाई देहाय बमोजिम ऐन नियम र निर्देशिकाहरुले निर्देशित गरेको छ।

क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
ख) जिल्ला सभा ऐन, २०७५
ग) जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५
घ) जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५

उपरोक्त ऐन नियमका अतिरिक्त नेपाल सरकार एवं प्रदेश सरकारद्वारा जारी भएका ऐन नियमहरु कार्यान्वयन गर्नु यस कार्यालयको दायित्त्व रहेको छ।

## ९. मुख्य मुख्य क्रियाकलाप विवरण:

क) जिल्ला समन्वय समिति धनकुटाको आयोजनामा मिति २०८२ भाद्र १६ र १७ गतेका दिन सम्पन्न भएको जिल्लास्तरमा स्थानीय तहको असल अभ्यास सम्बन्धी अनुभव आदान प्रदान कार्यक्रम र जिल्लाका सवै स्थानीय तह, संघ तथा प्रदेश स्तरीय सरकारी कार्यालयका साथै जिल्लास्थित संघ संस्थाहरुबाट आ.व. २०८१/८२ मा सञ्चालित बजेट, योजना तथा कार्यक्रमको वार्षिक प्रगति समीक्षा कार्यक्रमको प्रतिवेदन तयारी कार्य सम्पन्न गरी सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहमा पेश गरिएको।

ख) श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (योजना तथा अनुगमन शाखा), सिंहदरवार, काठमाण्डौंको च.नं. ७१ मिति २०८२/०९/०८ पत्रानुसार जिल्लास्तरमा स्थानीय तहको असल अभ्यास सम्बन्धी अनुभव आदान प्रदान कार्यक्रमा प्रस्तुत भएका असल अभ्यासहरुमध्ये गाउँपालिकामध्येबाट एक र नगरपालिकामध्येबाट एक गरी जम्मा दुईवटा उत्कृष्ट असल अभ्यास जिल्ला समन्वय समितिले छनौट गरी छनौट भएका दुईवटा असल अभ्यासहरुको प्रस्तुतीकरण कार्य मन्त्रालयको आयोजनामा सञ्चालन भएको प्रदेशस्तरीय स्थानीय तहको असल अभ्यास तथा सिकाई सम्बन्धी अनुभव आदान प्रदान कार्यक्रम श्रीमान् सचिवज्यूको समुपस्थितिमा मिति २०८२ पौष २३ देखि २५ गतेसम्म विराटनगरमा जिल्लाका तीनवटा नगरपालिकामध्येबाट धनकुटा नगरपालिकाबाट प्रस्तुत भएको **निवुवा-ताँखुवा जलाधार व्यवस्थापन योजना संरक्षण र विकासको सन्तुलन** र चारवटा गाउँपालिकामध्येबाट श्री साँगुरीगढी गाउँपालिकाको **सुलभ फार्मेसी सेवा सञ्चालन** विषयक असल अभ्यासहरु प्रदेश स्तरीय कार्यक्रममा सम्बन्धित पालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यूबाट प्रस्तुत भएको साथै सो कार्यक्रममा समग्र जिल्लाको असल अभ्यास सम्बन्धी विस्तृत रुपमा प्रस्तुतीकरण जिल्ला समन्वय अधिकारीज्यूबाट भएको।

ग) धनकुटा जिल्ला अस्पताल र गैर आवासीय नेपाली संघ लगायतको संयुक्त लागत साझेदारीमा निकट भविष्यमा धनकुटा जिल्ला अस्पतालमा Blood Bank स्थापना गर्नका लागि जिल्ला समन्वय समितिका प्रमुखज्यूबाट सम्बन्धित सवै पक्षसँग आवश्यक समन्वय तथा पहल गर्ने कार्य भइरहेको छ।

घ) जिल्लाभित्र प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्त्व र नवजात शिशु स्वास्थ्य सम्बन्धी आर्थिक वर्ष २०८१/०८२ को तथ्याङ्क प्रतिवेदन अनुसार यस धनकुटा जिल्लामा मातृमृत्यु संख्या - २ जना र नवजात शिशु मृत्यु संख्या - ३ जना रहेको अवस्थाबाट जिल्लामा सुरक्षित मातृत्त्व, नवजात शिशु तथा परिवार योजना सम्बन्धी कार्यक्रमको कार्यान्वयन कमजोर अवस्थामा रहेको पाइएकोले आगामी दिनमा मातृ मृत्यु संख्या तथा नवजात शिशु मृत्यु संख्यामा न्यूनिकरण गर्नका लागि नेपाल सरकारले निर्धारण गरेको स्थानीय तहको दरबन्दी तेरिज बमोजिम स्वास्थ्य शाखामा नर्सिङ कर्मचारीको पदपूर्ति गरि स्रोतब्यक्ति तोक्ने व्यवस्था गर्न तथा नर्सिङ कर्मचारी पदपूर्ति भइसकेको

